# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित विवरण

**१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन**

सम्बन्धित शीर्षक अन्तर्गत राखिएको।

**२. लेखापरीक्षकको प्रतिवेदन**

सम्बन्धित शीर्षक अन्तर्गत राखिएको।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण**

सम्बन्धित शीर्षक अन्तर्गत राखिएको।

**४. कानुनी कारवाही सम्बन्धी विवरण**

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए**

बैंकको आफ्नो दैनिक व्यवसायिक कारोवारको सिलसिलासँग सम्बन्धित मुद्धा मामिलाहरु बाहेक बैंकलाई अतिरिक्त वित्तीय व्ययभार हुने किसिमका मुद्धा मामिलाहरु नभएको।

**ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए**

यस्तो कुनै जानकारी प्राप्त नभएको।

**ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए**

यस्तो कुनै जानकारी प्राप्त नभएको।

**५. संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा**

मुलुकको वर्तमान आर्थिक, सामाजिक एवं राजनीतिक गतिविधिहरुलाई विश्लेषण गरी हेर्दा शेयरको उक्त कारोबार समय सापेक्ष तथा सन्तोषजनक रहेको छ।

**(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर सङ्ख्या र कारोबार दिन**

शेयर कारोवार सम्बन्धी त्रैमासिक विवरण तलको तालिकामा उल्लेख गरिएको।

| विवरण | २०७६ आश्विन मसान्त | २०७६ पौष मसान्त | २०७६ चैत्र मसान्त | २०७७ आषाढ मसान्त |
|---|---|---|---|---|
| अधिकतम मूल्य (रु) | १६३ | १८२ | १७४ | १७१ |
| न्युनतम मूल्य (रु) | १५० | १६१ | १५० | १३६ |
| अन्तिम मूल्य (रु) | १५४ | १७८ | १५९ | १६५ |
| कारोबार शेयर संख्या | १,९७,०२५ | ६,१३,०९६ | २,९३,३८१ | २,३४,७८९ |

६. समस्या तथा चुनौति

(क) **आन्तरिक समस्या तथा चुनौती:**

बैंकिङ्ग क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुनु, निक्षेपको लागत बढ्दै गएको कारण बैंकको व्याज आम्दानीको अन्तर (Spread) कम हुँदै जानु, दक्ष जनशक्तिले बैंकको सेवा छोड्ने प्रवृति र बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको अभाव, उच्चदरमा पूँजी थप गर्नु पर्ने, अन्य संस्था प्राप्ति संगै कर्मचारी, शाखा र अन्य कार्यहरु व्यवस्था गर्नु पर्ने जस्ता आन्तरिक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा बैंकको मुनाफा वृद्धि गर्ने कार्य थप चुनौतीपूर्ण हुन गएको छ।

(ख) **बाहृय समस्या तथा चुनौती:**

तरलतामा आएको तिव्र उतारचढाब, विश्वव्यापी आर्थिक गतिविधिमा आएको परिवर्तन, निक्षेप तथा कर्जामा व्याजदरमा छिटो छिटो हुने परिवर्तन, न्यून सरकारी खर्च आदि प्रमुख बाहृय समस्या हुन्। त्यसैगरी विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ को कारण होटल, पर्यटन, ढुवानी, निर्माण जस्त सम्पूर्ण क्षेत्रहरुमा असर पर्न गएको छ। यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोबार विस्तार गर्नु तथा कर्जाको साँवा तथा व्याज रकम असुल गर्न चुनौतीपूर्ण रहेको छ।

(ग) **त्यस्ता समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापकले अवलम्बन गरेको रणनीति:**

- बैंक कर्मचारीहरुको कार्यदक्षता तथा क्षमता वृद्धि गर्न तालिम तथा दक्षता वृद्धिका लागि कार्यहरु गर्ने।
- सहि ठाउँमा मात्र मितव्ययी रुपमा खर्च गर्ने।
- निष्क्रिय कर्जा व्यवस्थापन गर्दै कर्जा विविधिकरण गर्ने।
- कारोबारमा रहेको जोखिमहरुलाई न्युनिकरण गर्न उचित कार्य योजना तयार गर्ने।
- कोभिड-१९ बाट पर्न जाने गम्भिर असरहरुको विश्लेषण गरी चनाखो भई अगाडी बढ्ने।

७. **संस्थागत सुशासन:**

आफ्नो सम्पूर्ण कारोवारमा पारदर्शिता तथा निष्पक्षता कायम गरी नियमनकारी निकायबाट जारी हुने नीति, नियम तथा निर्देशनलाई अनुपालना सहित संस्थागत सुशासन कायम राख्न सञ्चालक समिति तथा व्यवस्थापन सधै प्रतिबद्ध रहेको छ। आन्तरिक लेखापरीक्षण विभागलाई बैंकको गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा गठित लेखापरीक्षण समितिको मातहतमा राखी स्वतन्त्रतापूर्वक आन्तरिक नियन्त्रण तथा नियमनको काम कारवाहीहरू सम्पादन गर्न सक्ने वातावरण मिलाइएको छ।

बैंकमा नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायबाट जारी हुने नीति निर्देशनहरुको सजगताकासाथ समयमा नै कार्यान्वयन गर्न बैंक भित्र विभिन्न संयन्त्रहरु रहेको र संस्थागत सुशासनलाई आफ्नो प्रत्येक गतिविधिको अभिन्न अङ्गको रुपमा विकास गरिएको छ। बैंकमा संस्थागत सुशासन कायम राख्ने मुख्य जिम्मेवारी सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतमा रहेको छ।

८. **विवरणपत्रमा प्रक्षेपण गरिएको र लेखापरीक्षण भएको विवरणहरुमा बीस प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी विवरण :**

सो नभएको।

९. **नियम २२ को उपविनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण आर्थिक वर्षको अवधिमा उल्लेख भए अनुसारको विशेष घटना वा परिस्थिति सृजित भएको भए निम्न विवरणहरु समावेश गर्ने :**

विशेष घटना वा परिस्थिति सृजित भएको मिति : नभएको।

घटना वा परिस्थितिको विस्तृत विवरण र बोर्डमा सूचना पेश भएको मिति : नभएको।